# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, भदौ १३ गते, २०७६ साल (संख्या ०२

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७६ सालको ऐन नं. ५

**<u>पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>** : पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्ने ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधनः-</u>** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ को,-

(१) दफा ४ को उपदफा (१) मा उल्लेखित "प्रमुख तथा अध्यक्षलाई" भन्ने शब्दहरुको सट्टा "प्रमुख/उप प्रमुख तथा अध्यक्ष/उपाध्यक्षलाई" भन्ने शब्दहरु राखिएको छ ।

(२) दफा ४ को उपदफा (२) मा रहेको "यस दफा बमोजिमको अन्य यातायात सुविधा" भन्ने शब्दहरुको सट्टा "अनुसूची—१ बमोजिमको यातायात खर्च" भन्ने शब्दहरु राखिएको छ ।

(३) दफा ४ को उपदफा (३) र सो को स्पष्टीकरण झिकिएको छ ।

(४) दफा ७ पछि देहाय बमोजिमको दफा ७क. थप गर्नेः

**<u>"७क. निजी सचिवालयको व्यवस्थाः-</u>** महानगरपालिकाको प्रमुख र उपप्रमुखले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी क्रमशः राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरह र राजपत्र अनकिंत द्वित्तिय श्रेणी वा सो सरहको स्वकीय सचिव राख्न पाउनेछन् ।"

(५) दफा ८ झिकिएको छ ।

**३. <u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधनः-</u>** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को,-

(१) दफा २ को,—

(क) खण्ड (ख) मा रहेका "दलका सचेतक र प्रदेश सभा समितिका सभापति" भन्ने शब्दहरुको सट्टा "सत्ता पक्षको प्रमुख सचेतक,

विपक्षी दलको प्रमुख सचेतक, प्रदेश सभा समितिका सभापति र दलका सचेतक" भन्ने शब्दहरु राखिएको छ ।

(ख) खण्ड (ग) पछि देहाय बमोजिमका खण्ड (गक) र (गख) थपिएको छ ।

"(गक) "सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको प्रमुख सचेतक भई काम गर्न तोकेको प्रदेश सभाको सदस्य सम्झनु पर्छ ।

(गख) "विपक्षी दलको प्रमुख सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रदेश सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको प्रदेश सभाको सदस्य सम्झनु पर्छ ।"

(ग) खण्ड (घ) मा रहेका "प्रमुख सचेतक" भन्ने शब्दहरुको सट्टा "सचेतक" भन्ने शब्द राखिएको छ ।

(२) दफा ६ को,—

(क) उपदफा (१) मा रहेका "पोखरा लेखनाथ महानगरपालिका" भन्ने शब्दहरुको सट्टा "पोखरा महानगरपालिका" भन्ने शब्दहरु राखिएको छ ।

(ख) उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (१क) थपिएको छ ।

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पोखरा महानगरपालिकामा घर हुने पदाधिकारी वा सदस्यलाई आवास सुविधा वापतको आधा रकम आवास मर्मत र सम्भार वापत दिइनेछ ।

(३) दफा ७ को उपदफा (१) मा रहेका "समितिको सभापति र दलका सचेतक" भन्ने शब्दहरुको सट्टा "सत्ता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र  प्रदेश सभा समितिका सभापति" भन्ने शब्दहरु राखिएको छ।

(४) अनुसूची -१ को तालिकाको सट्टा देहाय बमोजिमको तालिका राखिएको छ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता र उपसभामुख | सत्ता पक्षको प्रमुख सचेतक र विपक्षी दलको प्रमुख सचेतक | समितिका सभापति | दलका सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५३००० | ५०००० | ४९००० | ४९००० | ४७००० | ४५००० |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १००० | १००० | १००० | १००० | १००० | १००० |
| ३ | सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | २००० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने । विपक्षी दलको नेतालाई घरभाडा वापत मासिक रु. २०,०००/— (अक्षरुपी बीस हजार मात्र) उपलब्ध गराउने | १५००० | १५००० | १५००० | १५००० |
| ५ | फर्निचर (पाँच वर्षको | एकमुष्ठ रु. | - | - | ५०००० | ५०००० | ५०००० | ५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अवधिमा) एक पटक | | | | | | | |
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २००० | १७५० | १७५० | १७५० | १२०० | - |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १०० | ९० | ९० | — | - |
| ८ | मोविल | त्रैमासिक लि. | १० | ५ | ५ | ५ | — | - |
| ९ | बिजुली, धारा | प्रति महिना | विल अनुसार | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५०० | २००० | २००० | २००० | २००० | २००० |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १५० | १५० | १५० | १५० | १५० |
| १२ | यात्रा विमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० | १० |
| १३ | यातायात सुविधा | वैठक बसेको प्रतिदिन रु. | | | | | | ७५० |

प्रमाणीकरण मितिः २०७६/०५/१३

**आज्ञाले,**

**गोपीकृष्ण रेग्मी**

**प्रदेश सरकारको नि. सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-